# छथर जोरपाटी गाउँपालिका

## जोरपाटी, धनकुटाको

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

सभामा प्रस्तुत मितिः २०८२।०३।०९

**प्रस्तुतकर्ता**

**छत्र बहादुर सुब्बा**

**अध्यक्ष**

**छथर जोरपाटी गाउँपालिका**

**जोरपाटी , धनकुटा**

कोशी प्रदेश, नेपाल

आदरणीय गाउँ सभा सदस्यज्यूहरु, आदरणीय छथर जोरपाटीबासी तथा देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बाबु, दाजु-भाई तथा दिदि बहिनीहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरु, शिक्षक, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्न चाहान्छु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

"स्थानीय तहको निर्वाचन २०७९” द्वारा निर्वाचित भई हामीले यस पालिकाको नेतृत्व सम्हालेको ३ वर्ष पुरा भएको छ । अघिल्लो ३ आ.व. को सिकाई र बुझाईको कोणबाट निकै फलदायक भएको छ । हामी निर्वाचित जनप्रतिनिधिहरु सहमतीय अभ्यासबाट एक भई अगाडि बढेको र आगामी दिनहरुमा समेत एकजुट भएर यस पालिकाको समुन्नती, अग्रगमन र बृहत्तर हितको क्षेत्रमा कार्य गर्ने प्रण व्यक्त गर्दछु।

यस निती तथा कार्यक्रम प्रस्तुत गर्दा मैले नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार गर्दै सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरूका साथै गाउँसभा सदस्यज्यूहरुले दिनु भएको अमुल्य सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । साथै दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याएकोछु ।

हाल नेपाली अर्थतन्त्रमा आएको सुस्तताको कारण संघिय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको राजस्व परिचालनमा प्रभाव पर्न गइ गाउँपालिकाको आयमा संकुचन हुन गएको हुदाँ आम छथर जोरपाटी गाउँपालिका वासीहरुको असिमित मागहरुको सम्बोधन गर्ने कार्य निश्चय नै सहज छैन । यध्यपी, यस पालिकाको क्षमता अनुरुप दिगो विकासमा टेवा पुग्ने र गाउँवासीहरुको जीवनस्तरलाई माथि उठाउने योजनाहरुलाई प्राथमिकतामा राख्ने प्रयास गरेको छु ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब, म यस सम्मानीय गाउँसभा समक्ष आ. व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आगामी आ.व. २०८२/०८३ को प्रमुख नीति तथा कार्यक्रमहरू

### १. आर्थिक विकास

### क. कृषि

अ. **“कृषि पेसामा लागौँ आत्म निर्भर बनौँ”** नारा आत्मसाथ गर्दै कृषि भूमीको सदुपयोग गरी कृषिको व्यवसायीक उत्पादन बढाउन निजी व्यवसायीक खेती, सहकारी खेती, कृषि उद्योगमा आधारित खेती, सामूहिक खेती, साझेदारी खेती गर्ने र बाँझो रहेको जग्गाको सदुपयोग गर्न नीतिगत व्यवस्था गरिनेछ । यस्ता खेती प्रणालिबाट गाउँपालिकाले उत्पादन बृद्धि र रोजगारी सिर्जना गर्नेछ । कृषि तथा औद्योगिक उत्पादनलाई निर्यातमुखी बनाउन **“एक वडा दुई कृषि पकेट कार्यक्रम”** कार्यक्रमलाई

प्राथमिकतामा राखी उक्त उत्पादनको बजारीकरणका लागि आवश्यक कृषि पूर्वाधार निर्माण गरिनेछ । खाद्य भण्डार, शित भण्डार, सङ्कलन तथा बिक्री केन्द्रको लागि आवश्यक जग्गा व्यवस्थापन गरी विस्तृत डिजाईन सहित भौतिक पूर्वाधारको निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ । अध्यक्षसंग कृषि कार्यक्रम मार्फत सोझै कृषकका समस्याको उचित समाधान गरिनेछ ।

आ. स्थानीय कृषि सम्भावनाको खोजी गरी माटो सुहाउँदो खेती प्रणाली अवलम्वन गर्न कृषियोग्य भूमिको नियमित माटो परीक्षण गरिनेछ । माटोको उर्वराशक्ति बृद्धिका लागि अपनाइने माटो संरक्षण विधि अवलम्वन गरिनेछ । कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गरिनेछ ।

इ. कृषि उपजमा प्रयोग गरिने रासायनिक विषादीको दिर्घकालीन असरबारे जनचेतना जगाई रासायनिक विषादीलाई क्रमश जैविक विषादीले विस्थापित गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । कृषिजन्य रासायनिक मल तथा विषादी नियन्त्रणका अभियानाको रुपमा सञ्चालन गरी प्राङगारिक खेती प्रणालीलाई बढावा दिन जैविक विषादी बनाउने तालिम प्रदान गरी आर्गनिक खेती गर्न प्रोत्साहन गरिने छ । जैविक मल र घरबाट निक्लने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

ई. रैथानेबालीको संरक्षण गर्दै व्यवसायीक खेतीलाई प्रवर्द्धन गर्न उन्नत जातका विरुवा वितरणकालागि नर्सरी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याईनेछ साथै वाली विरुवामा आकस्मिक आइ पर्ने रोगहरुको लागि वाली संरक्षण कार्यक्रम मार्फत सम्बोधन गरिनेछ । कृषी प्रवर्द्धन कोषलाई समेत व्यवस्थित गरी निरन्तरता दिइने छ ।

उ. पालिकाको स्वामित्वमा रहेको चिया वगानको उचित संरक्षण गरी आय आर्जनको माध्यम बनाइनेछ।

ऊ. यस पालिकाको सुख्खा ग्रस्त क्षेत्रहरुमा सिंचाई प्रयोजनको लागि प्लास्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

ऋ. कृषी तथा पशुजन्य उत्पादनलाई अन्तरपालिका, अन्तरजिल्लाका साथै बैदेशिक बजारमा निर्यायको लागि नितीगत व्यवस्था मिलाइनेछ । साथै व्यापार व्यवस्थापनको लागि अन्य स्थानीय तहहरुसंग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

ए. यस पालिकाको अकबरे खुर्सानी उत्पादनलाई ब्राण्ड बनाई बृहत आधुनिक मल्चिङ्ग प्रविधिबाट सामुहिक खेती गर्न अकबरे खुर्सानी पकेट कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

## ख. पशुपन्छि विकास

अ. बसाइ सरी जानेलाई निरुत्साहित गर्नका लागि **"वसाइ सरी जानेलाई बाई बाई, बसाई सरी आउनेलाई एक दुहुना गाई"** भन्ने नीतिलाई निरन्तरता दिँदै सन्तुलित जनसंख्याको व्यवस्थापनका लागि थप कार्यक्रमहरु अघि सारिनेछ ।

आ. महामारीको रुपमा देखिदै आएको पशुमा लाग्ने विभिन्न रोगहरु विरुद्धका खोपहरु सञ्चालन गरिनेछ । साथै छ वटै वडाबाट पशुपन्छी पालन सम्बन्धी प्राविधिक सेवा, पशुपन्छि उपचार सेवा प्रदान गरिने छ साथै पशुपन्छीका लागि रोग नियन्त्रण गर्न विभिन्न रोगका खोपहरु तथा रेविज रोग नियन्त्रण शिविर संचालन गरीनेछ ।

इ. कृषकहरुलाई पशुपालन व्यवसायमा प्रोत्साहन गर्न गाउँपालिका भरीका सबै किसानहरुलाई रैथाने तथा निर्वाहमुखी पशुपालनलाई व्यवसायीक र उत्पादनशील बनाउन कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ । नश्लसुधार कार्यक्रम अन्तर्गत निःशुल्क रुपमा कृत्रिम गर्भाधान (Artificial Insemination) सेवालाई विस्तार गरिनेछ ।

ई. नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी आवश्यक मेशिन औजार अनुदानमा वितरण गरी व्यवसायीक पशुपन्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ । मासुमा आत्भनिर्भरता अभिवृद्धि गर्न

लक्षित समुदायकहरुको आय आर्जन विस्तार गर्न मत्स्य पालन कार्यक्रम मार्फत नयाँ पोखरी निर्माण र अनुदानमा माछाको भुरा वितरण कार्यक्रम संचालन गरिनेछ।

उ. व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गर्न गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ। गोठ सुधारलाई प्रभावकारी बनाउन "**एक घर एक गोठ, एक वडा एक प्राविधिक**" कार्यक्रम सञ्चालन गरिनेछ।

ऌ. बाह्रै महिना पशु आहारको बन्दोबस्त गरी ब्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्न हिउँदे घासको बीउ वितरण गरिनेछ।

## ग. सहकारी

अ. सहकारी संस्थाहरुको आन्तरिक नियन्त्रण पद्धति र लेखा परिक्षणलाई थप व्यवस्थित गरी नियमनलाई प्रभावकारी बनाईने छ। सहकारी व्यवस्थापनलाई प्रभावकारी बनाउन कोपोमिस तालिम सञ्चालन गरिनेछ। सहकारी सूचना सम्प्रेषणको लागि एकिकृत सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा सबै सहकारीलाई क्रमश: आवद्ध गरिदै लगिनेछ।

आ. यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरूको प्रवर्धन तथा सुचना प्रविधि विस्तार गर्न अनुदानमा कम्प्यूटर वितरण गरिनेछ।

इ. सहकारीको मूल्य र सिद्धान्तहरुलाई अनुसरण गर्न गराउन सबै सहकारी संस्थालाई अभिप्रेरित गरिने छ। स्थानीय सहकारी संघसंस्थाहरुलाई कानूनको अधीनमा रहि प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाईनेछ।

ई. सहकारी क्षेत्रमा नियमन, प्रवर्द्धन, उद्धमशीलता विकास, पूँजी परिचालन तथा सुशासन कायम गरी यस क्षेत्रलाई अर्थपूर्ण, सक्षम, सवल, समावेशी, दिगो र फराकिलो बनाउँदै लगिनेछ। सहकारी क्षेत्रलाई संख्यात्मक भन्दा गुणात्मक रुपमा विस्तारित र सवल तुल्याईनेछ। साथै यस पालिकाका संचालनमा रहेका दुई वा दुई भन्दा बढी समान प्रकृतिका सहकारीहरुलाई मर्जर हुनका लागि प्रोत्साहन गरिनेछ।

उ. सहकारी सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता अभिवृद्धि गराउन सहकारी अनुशिक्षण र तालिम प्रदान गरी सहकारीहरुको कोषको परिचालन गर्न प्रेरित गरिनेछ। सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सहकारी संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ। आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउन सहकारी शिक्षा सञ्चालन गरिनेछ।

## घ. उद्योग तथा व्यवसाय

अ. यस पालिकामा संचालनमा रहेका व्यवसाय र लघु, घरेलु तथा साना उद्योगहरुको अनिवार्य दर्ता गरिने छ। रुग्ण उद्योगहरुको विकासको लागि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम मार्फत मेसिन, औजार उपकरण अनुदानमा वितरण गरी उद्योगको सहज संचालनमा सहयोग गरिनेछ।

आ. लघु उद्यम विकास कार्यक्रम मार्फत विपन्न वर्गमा उद्यमशिलता तालिमको व्यवस्था गरिनेछ। पूराना उद्यमीहरुलाई स्तरोन्नती तथा पुनर्ताजकी तालिमका साथै प्रविधी हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ।

इ. उपभोक्ताको हक हितलाई ध्यानमा राख्दै गाउँपालिका भित्र संचालनमा रहेका किराना, हार्डवेयर, होटल, मासु पसल लगायत सार्वजनिक सरोकारका सवै व्यवसायहरको समय समयमा प्रचलित कानुनी र मापदण्ड बमोजिम संचालन भए नभएको सन्दर्भमा नियमित अनुगमन निरिक्षण तथा पृष्टपोषण गरिने छ।

ई. छथर जोरपाटी गाउँपालिकाका विपन्न र बेरोजगारी युवा तथा महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि सिपमुलक ड्राभिङ्ग तालिमलाई निरन्तरता दिइनेछ।

## ङ. पर्यटन

अ. **"पर्यटन पूर्वाधारको विकास गरौं, छथर जोरपारी गाउँपालिकालाई चिनाऊ"** भन्ने नाराले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सृजना तथा यस क्षेत्रको आर्थिक समुन्नतिका लागि पर्यटन पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

आ. ध्वजे डाँडा बहुसांस्कृतिक पर्यटकीयमा निर्माणधिन मिनि ग्रेटबाल आगामी आ.व. २०८२/०८३ मा सम्पन्न गरिनेछ । साथै पिक्निक स्पोट र जातिय स्तम्भ निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

इ. यसै गरी सम्भावित पर्यटकीय क्षेत्रहरु छथर जोरपाटी पार्क, चमेरे गुफा संरक्षण, पाथीभरा त्रिवेणी धाम, मौलोनिशान मुड्के खजुम खादि याक्थुम्बा समाधि पार्क, एकीकृत क्षेत्र विकास, चिम्लिङ्ग ताम्लिङ्ग यक (गढी), त्रिशुले हात्तीखर्क पर्यटन क्षेत्र हात्ती स्तम्भ, परेवा स्तम्भ, हात्तीखर्कको बुढासुब्बा मन्दिर, चुमलुङ्ग ट्रि हाउस, फाप्रे झरना याक्चना घिर्लिङ टावर, बाल उद्यान, पाथिभरा कालिका भगवति मन्दिर, हरीराज खेवा स्मृति पार्क, समेतको पूर्वाधार निर्माण विकासको थालनी कार्य अगाडि बढाइनेछ । गाउँपालिका स्थित धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका मठ-मन्दिर, गुम्बा, माङहीम, चर्च तथा अन्य धरोहरहरुको मर्मत रेखदेख तथा सम्भारका लागि सम्बद्ध निकायहरुको सहयोग लिई संरचना संरक्षण, जिर्णोद्धार तथा थप सुधार गर्दै लगिनेछ ।

## च. जलश्रोत तथा सिँचाई

अ. कृषकहरुलाई सिँचाईको व्याबस्था गर्न SIP अन्तरगतका साना सिँचाई आयोजना सन्चालन गर्न पहल गरीने छ । हाल सञ्चालनमा रहेका पुराना सिँचाई प्रणालीहरुको उचित मर्मत सम्भार गरी सिँचाई सुविधाको विस्तार गरीने छ ।

आ. साना सिँचाईका कार्यक्रमको माध्यमबाट खेतियोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउन कुलो मर्मत तथा निर्माण गरी सिञ्चित क्षेत्र विस्तार गरीनेछ । यस पालिकाको वडा नं ३ र ४ लगायतका गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा जल सञ्चितीका लागी प्लाष्टीक पोखरी निर्माण र सिँचाई व्यवस्था विस्तार गरीदै लगीने छ ।

## छ. विधुत

क. **"छथर जोरपाटी गाउँपालिकाको उज्यालो कार्यक्रम'"** अन्तरगत छथर जोरपाटी गाउँपालिकामा स्थाई बसोवास गर्ने विपन्न घरपरीवारलाई न्युनतम विधुत महसुल यकिन गरी प्रत्येक घरपरीवारहरुलाई नि – शुल्क विधुत उपलब्ध गरीने छ ।

ख. यस छथर जोरपाटी गाउँपालिकाको विभिन्न वडा को कुना कन्दरामा विधुत लाईन विस्तार तथा मर्मत कार्यलाई सुधार गर्दै लगीने छ ।

## ज. भुमी व्यवस्था

अ. गाउँपालिका क्षेत्र भित्र रहेका ऐलानी पर्ती जग्गा, सार्वजनिक वन, खोला नाला, गुठि जमिनको विवरण अध्यावधिक गरिनेछ ।

आ. संघीय तथा प्रदेश सरकारको कृषि नीतिको मातहत रही जमीनको खण्डिकरणको प्रक्रियालाई रोक्ने, चक्लाबन्दीलाई प्रोत्साहित गर्ने, अनुपयुक्त जमीनलाई कृषि योग्य बनाउन, सहकारी तथा सामुहिक कृषि प्रणालीको परम्परा र संस्कृति स्थापित गरी रोजगारी सिर्जना गदै भूमीहीन, सुकुम्वासी, बेरोजगार र विपन्न समुदायको लागि जीविकाको अनुकूलता सिर्जना गर्न विशेष ध्यान दिईनेछ ।

इ. गाउँपालिका क्षेत्र भित्र रहेका ऐलानी पर्ती जग्गा, सार्वजनिक वन, खोला नाला, गुठि जमिनको विवरण अध्यावधिक गरिनेछ ।

ई. संघीय तथा प्रदेश सरकारको कृषि नीतिको मातहत रही जमीनको खण्डिकरणको प्रक्रियालाई रोक्ने, चक्लाबन्दीलाई प्रोत्साहित गर्ने, अनुपयुक्त जमीनलाई कृषि योग्य बनाउन, सहकारी तथा सामुहिक कृषि प्रणालीको परम्परा र संस्कृति स्थापित गरी रोजगारी सिर्जना गदै भूमीहीन, सुकुम्वासी, बेरोजगार र विपन्न समुदायको लागि जीविकाको अनुकूलता सिर्जना गर्न विशेष ध्यान दिईनेछ ।

## २. पूर्वाधार विकास

क. विकास आयोजनाहरु निर्धारित लागत, समय र गुणस्तरमा सम्पन्न गरिनेछ । मध्यकालीन खर्च संरचना, आयोजना बैंकलाई संस्थागत गरी आयोजना सञ्चालन गरिनेछ । आयोजनाको अनुगमन मूल्याङ्कलाई नतिजामूलक बनाईनेछ ।

ख. आवश्यकताका आधारमा अध्ययन विश्लेषण गरी गाउँपालिकाको क्षमताका आधारमा निर्माण नगरी नहुने स्थानमा पुल, कल्भर्ट, कज-वे, निमार्णका लागि आवश्यक कदम चालिनेछ र सम्भव नभएका ठूला योजनाहरुको हकमा बहुवर्षीय योजनामा समावेश गरी निर्माण कार्यको थालनी गरिनेछ ।

ग. पालिका गौरवका योजनाहरु निर्माणाधीन रहेका जोरपाटी सल्ले सडक स्तरोन्नति गरिनेछ साथै त्रिशुले हात्तीखर्क कालोपत्रे सडकलाई निरन्तरता दिइने छ ।

घ. यस पालिकाको मौजुदा सम्पति, भौतिक पूर्वाधार, सडकको नियमित र सुव्यवस्थित सञ्चालनका लागि मर्मत सम्मार कोषको सञ्चालनमा निरन्तरता दिईनेछ । यस कोषबाट गाउँपालिका भित्रका वडा कार्यालय, कृषक सडक, स्वास्थ्य संस्था र विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था अध्ययन गरी पूर्वाधारहरुको निर्माण, पुन: निर्माण तथा मर्मत सम्भार गरिनेछ । विद्यालयका पूर्वाधारहरुको अध्ययन विश्लेषण गरी मर्मत सम्मार, घेरावारा र पूर्वाधार सम्मार कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ. मुख्य सडक देखि वडा कार्यालय जोड्ने बाटो हरुको स्तरोन्नती गरी स्तरीय बनाइनेछ । ठुला योजनाहरुको प्राथमिकता निर्धारण गरी श्रोत सुनिश्चितत गर्न संघ र प्रदेशसँग समवन्य गरी कार्यान्वयन गर्दै लगिनेछ ।

च. यस गाउँपालिकाको मुख्य बजार व्यवस्थापनका लागि फोहोरमैला तथा ढल व्यवस्थापन गरिनेछ साथै फोहोर व्यवस्थापनको लागि अन्तरपालिका समन्वय समेत गरिनेछ। साथै सौन्दर्य विस्तारका लागि मुख्य बजारमा वृक्षारोपण, गमला वितरण गरी नागरिकको स्वच्छ वातावरणको हकलाई प्रत्याभुत गर्ने तर्फ नीति अवलम्वन गरिनेछ ।

छ. सडक यातायात गुरुयोजना तयार गरी सोही वमोजिम वर्गिकरणका आधारमा प्राथमिकता प्राप्त अति आवश्यक सडकहरूलाई बाह्रै महिना यातायात सञ्चालन सहित सहज आवागमन गर्न सकिने गरी सडक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाईनेछ । सडक मापदण्ड वमोजिमको सेडव्याक छाडेर मात्र भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईकासाथ कार्यान्वयनमा ल्याईनेछ ।

ज. संघीय सरकार, प्रदेश सरकारसंगको साझेदारीमा समपुरक कोष, विशेष अनुदान मार्फत संचालन हुने योजनाहरु र अन्य थप विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त सहयोगबाट पालिकाको भौतिक पुर्वाधारहरुको निर्माण गरीनेछ ।

## सामाजिक विकास

- शिक्षा

क. **“बालबालिकाहरुलाई कक्षा कोठामा ल्याऔँ, सिकाऔं, पढाईमा टिकाऔँ र समाजमा विकाऔं”** भन्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। गाउँपालिकामा रहेका विद्यालयको पठनपाठनमा एकरुपता ल्याउन पालिकास्तरीय शैक्षिक क्यालेन्डर निर्माण गरी सम्पूर्ण शैक्षिक संस्थाहरूको शैक्षिक गतिविधिलाई एक रूपता प्रदान गरिनेछ साथै परीक्षाको नतिजाको आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ।

ख. सामुदायिक सिकाई केन्द्रहरुलाई अनौपचारिक शिक्षा दिने थलोको रुपमा विकास गरिनेछ। प्रारम्भिक कक्षा सिकाई (EGL) कार्यक्रमको मोडलमा आधार कक्षाहरूबाटै विद्यार्थीहरूको पढाईलाई सिकाई र गुणस्तरसँग जोड्दै लगिनेछ।

ग. **"एक पालिका एक सामुदायिक पुस्तकालय"** अन्तर्गत सामुदायिक पुस्तकालय तथा ई-लाइब्रेरी स्थापना गरिने छ। विद्यालयका सबै तहका शिक्षकहरुका लागि मागमा आधारित, विषयगत तालिम, दौतरी शिक्षा, पढाई मेला दिइनेछ। विद्यालयमा भयरहित तथा बालमैत्री वातारणमा शिक्षा आर्जन गर्न पाउने बाल अधिकारको सुनिश्चितता गरिनेछ। सवै शिक्षकहरुलाई आ-आफ्ना विषयको विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धिका लागि जिम्मेवार तथा जवाफदेही बनाइनेछ।

घ. विद्यालयहरुको समग्र पक्षको अनुगमन तथा मुल्याङ्कन गर्नको लागि अनुगमन प्रणाली अवलम्वन गरिनेछ। अनुगमन मुल्याङ्कनलाई नियमित गरी प्रभावकारी दण्ड पुरस्कार प्रणाली लागू गरिनेछ। सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्यापन गराउने उत्कृष्ट विषयगत शिक्षकहरुलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ। शिक्षकहरुको क्षमता विकासका लागि प्रविधिमैत्री शिक्षण गर्न IT सम्वन्धी तालिमको आयोजना गरिनेछ।

ङ. सवै विद्यालयहरुमा बाल क्लव तथा आमा समूहहरुको गठन गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय भर्नाको समयमै शिक्षा र स्वास्थ्य शाखाको समन्वयनमा स्वास्थ्यकर्मीहरूद्वारा वालवालिकाहरुको अपाङ्गता सम्बन्धि प्रारम्भिक पहिचान गरी उनीहरुको स्तर र क्षमता अनुसारको सिकाई वातावरण तयार पार्ने किसिमका थप कार्यक्रमहरु संचालन गरिनेछ।

च. "**शिक्षालाई श्रमसँग, श्रमलाई रोजगार सँग, रोजगारलाई उत्पादन सँग, उत्पादनलाई बजार सँग**" जोड्दै देशभक्त, ईमान्दार, भविष्यप्रति सचेत र आस्थावान, सभ्य, सुसँस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मविश्वासी नागरिक बनाउने नीति अवलम्वन गरिनेछ। यसका लागि व्यवहारिक, गुणस्तरीय, सबैको लागि सरल पहुँच र सीपमूलक प्राविधिक शिक्षा, नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ। छथर जोरपाटी गाउँपालिका भित्र रहेका सबै बालबालिका, युवा र प्रौढ समेत यस्ता शिक्षाबाट बञ्चित नहोउन् साथै छोरा र छोरीवीच भेदभाव नगरी समान शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यका साथ सामुदायिक विद्यालयवाट SEE मा उत्कृष्ट अङ्क ल्याउने गरिव, शहिद परिवार, अल्प संख्यक, एकल परिवार, दलित तथा जेहेन्दार विद्यार्थी मध्ये विज्ञान विषय अध्ययनका लागि कोटा प्रणालीका आधारमा कक्षा ११ र १२ को अध्ययन गर्न प्रतिवर्ष क्रमशः एक छात्र र एक छात्रालाई “**छथर जोरपाटी शैक्षिक छात्रवृत्ती**” दिईने नीतिलाई निरन्तरता दिइनेछ।

छ. गाउँपालिका स्तरीय आधारभूत तह कक्षा - ८ को बार्षिक परिक्षामा उत्कृष्ट GPA हासिल गर्न छात्रा/छात्र र विद्यालयलाई प्रोत्साहन गरिनेछ।

ज. प्राविधिकधारका शैक्षिक कार्यक्रमहरूलाई प्रत्यक्ष सहयोगको व्यवस्था गरिनेछ। प्राविधिक धारमा अध्ययनरत गरिव, विपन्न वालवालिकाहरूका लागि "**पढ्दै कमाउदै कमाउदै पढ्दै कार्यक्रम**"लाई प्रभावकारी रूपमा कार्यान्वन्य गरिनेछ।

झ. विद्यालय उमेरबाटै बालबालिकाको सहभागिता रहने गरी सम्भाव्य सवै प्रकारका खेलकुद कार्यक्रमको विकास र विस्तार गरी खेलकुदको क्षेत्रमा दक्ष र व्यवसायिक जनशक्तिको विकास गर्नका साथै खेलको माध्यमबाट छथर जोरपाटीको पहिचान स्थापित गर्ने तथा खेलाडीहरूको सुनिश्चित भविष्य निर्माणमा आर्थिक र सामाजिक रुपले संरक्षण र सुरक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

ञ. प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत सबै सामूदायिक विद्यालयमा नर्सरी र केजी कक्षा सञ्चालन गरिनेछ । यसका लागि शिक्षक, अंग्रेजी माध्यमको पाठ्यपुस्तक, झोला, नर्सरी देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिने छ । आधारभूत तहसम्मको अनिवार्य शिक्षा प्रणालीलाई सुव्यवस्थित गर्न चार वर्ष पुरा गरेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न विशेष अभियान सञ्चालन गरिनेछ ।

ट. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रारम्भिक शिक्षकमा रुपान्तरण गरी प्रोत्साहन दिइनेछ । सबै विद्यालयमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधाको व्यवस्था मिलाइनेछ । सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउने कार्यसम्पादन करार सम्झौता गर्ने नीति लिइनेछ ।

ठ. मातृभाषाको संरक्षण गर्ने उदेश्यले समुदायको मागको आधारमा मातृभाषामा कक्षा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

ड. एक पालिका एक नमुना विद्यालय अन्तर्गत श्री सरस्वती मा.वि. सिंधुवा नमुना विद्यालयको रुपमा सञ्चालन भइरहेको र सो विद्यालयमा शैक्षिक तथा भौतिक पूर्वाधारको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

ढ. एक पालिका एक प्राविधिक धार विद्यालय अन्तर्गत श्री चुलाचुली मा.वि. मा बाली विज्ञान विषय तर्फको प्राविधिक धारको कक्षा क्रमशः थप गर्दै लगिनेछ । सिकाई सुविधामा सुधारका लागि भवन निर्माण, कक्षा कोठा मर्मत, पुस्तकालय निर्माण, विज्ञान प्रयोगशाला निर्माण, शौचालय निर्माण, कम्प्यूटर र आई.सि.टी. ल्याब स्थापनाका लागि थप व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरूलाई सूचना प्रविधि युक्त बनाइ शिक्षण सिकाई सहजिकरणमा प्रविधिको प्रयोग गर्न नेपाल दुरसञ्चार प्राधिकरण र पालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

ण. कक्षा ६ देखि १२ सम्मका सबै छात्रालाई सेनिटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

त. विद्यालयलाइ दिइने अनुदान तथा खर्चको, आयव्ययको लेखापरीक्षण गर्न पालिकाबाट लेखापरीक्षक खटाई लेखापरीक्षण गराउने व्यवस्था मिलाईनेछ । समयसिमाभित्र लेखा परिक्षण गराई प्रतिवेदन नबुझाउने विद्यालयहरुको अनुदान लगायतका सबै प्रकारका निकासाहरु रोक्का गरिनेछ ।

थ. गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर विकास सम्बन्धमा विद्यालय व्यवस्थापन समिति, प्रअ, शिक्षक तथा अभिभावकहरुसँग गोष्ठी / अन्तरक्रिया / छलफल गरी आवश्यक कदम चालिनेछ । आवश्यकता अनुसार विषय विज्ञ समूहबाट कक्षा सिकाई प्रकृयाको अनुगमन गरी थप पृष्ठपोषण प्रदान गरी शैक्षिक गुणस्तर कायम गरिनेछ । शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यकता अध्ययन गरी विद्यालयहरुको समायोजन र शिक्षकहरूको दरबन्दी मिलान गरिनेछ ।

○ **स्वास्थ्य**

क. सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम नि: शुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामाग्रीको आपूर्ति, भण्डारणको व्यवस्था मिलाई प्रभावकारी नियमन मार्फत औषधीजन्य सामाग्रीमा सहज पहूँच एवं समुचित प्रयोगको सुनिश्चित गरिनेछ ।

ख. "म स्वस्थ, मेरो पालिका स्वस्थ, मेरो देश स्वस्थ " भन्ने नारालाई आत्मासाथ गर्दै सबै वडाहरुको सबै टोलहरुका शिशु तथा वालवालिकाहरुलाई पुर्ण खोप सेवा निर्वाधरुपमा उपलब्ध गरिनेछ भने पोषण सम्बन्धी कार्यहरु, गर्भवती प्रोत्साहन भत्ता, मातृ तथा नवशिशु कार्यक्रम, परिवार नियोजन, प्रजनन स्वास्थ्य तथा सुरक्षित गर्भपतन सेवा लिन पाउने हकको सुनिश्चितता गरिनेछ।

ग. सरकारको निरोगी नेपाली स्वस्थ्य नेपाल निर्माण नीतिलाई अवलम्वन गर्दै नेपाल सरकारको स्वास्थ्य विमा नीतिलाई आत्मासाथ गर्दै छथर जोरपाटी निवासी विपन्न नागरिकहरुलाई प्राथमिकतामा राखी सम्पुर्ण गाउँपालिकावासी नागरिकहरूको स्वास्थ्य विमा कार्यक्रममा ५०% अनुदान निरन्तरता दिइनेछ। साथै यस पालिका निबासी "क र ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्थापन गरिनेछ ।

घ. प्रकृतिमैत्री स्वच्छ जीवन प्रणाली प्रवर्द्धन गरी रोग प्रतिरोधी क्षमता बृद्धि गर्ने निरोधात्मक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

ङ. सिंधुवामा ५ शैयाको आधारभूत अस्पताल भवन निर्माण सम्पन्न हुने क्रममा रहेकाले सम्पन्न पश्चात सो अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्य अगाडि बढाईने छ ।

च. जेष्ठ नागरिकहरुका लागि सुगर, प्रेसर, लिपिड प्रोफाएल र मानसिक तथा अन्य कडा रोग तथा औषधी सहित घरघरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा उपचार अर्धबार्षिक रुपमा गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

छ. **उपाध्यक्षसँग गर्भवती तथा शिशु पोषण"** कार्यक्रमलाई प्रभावकारी बनाउन २४ घण्टे प्रसुती सेवा सञ्चालनलाई निरन्तरता दिई थप व्यवस्थित गर्दै लगिनेछ । बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, सुरक्षा, खोप सेवा लगायतका सवै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एकिकृत गरी बालबालिकाको भ्रुण रक्षा सहितको जीवन रक्षाको सुनिश्चितताका लागि अल्ट्रासाउण्ड (Video X-Ray) सहितको घुम्ति स्वास्थ्य शिविर कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ । साथै गर्भवती महिलाहरुको नियमित चेकजाँचको लागि गर्भवती भत्ता वापतको मासिक रकम एक हजारका दरले नौ महिनाको रकम उपलब्ध गराईनेछ ।

ज. स्वास्थ्य रक्षाका आधारभूत सेवाको सहज पहुँचको विकास, दक्ष जनशक्तिको व्यवस्थापन, आवश्यक औषधिको सहज र पर्याप्त उपलब्धता, स्वास्थ्य परीक्षणका लागि प्रविधिमैत्री आधुनिक यन्त्र उपकरणको व्यवस्थापन, आपतकालीन सेवा प्रवाहको विस्तार समेतका आधारमा सवै उमेर समूह लगायत सवै वर्ग र तहका गाउँपालिकाबासीको स्वास्थ्य क्षेत्रमा सहज पहुँच सहितको सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।

झ. स्वास्थ्य चौकी तथा स्वास्थ्य सम्बन्धि सम्पूर्ण अभिलेखहरु एकीकृत तथा व्यवस्थित गर्न प्रतिवेदन प्रणालीलाई छिटो छरीतो र विश्वसनीय वनाउन स्वास्थ्यको पहुच बाहिर रहेका गर्भवती, वालवालिका, जेष्ठ नागरिकहरुलाई निरन्तर स्वास्थ्यको पहुचमा ल्याउन एकीकृत डाटा वेसको सफ्टवेयर तथा Application तयार गरी E-Governance लागु गरिनेछ ।

ञ. गाउँपालिकाका विद्यमान स्वास्थ्य चौकिहरूका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार (एक्स-रे सेवा, परीक्षण कक्ष, बिरामी आराम कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी पूर्वाधार, शौचालय, विद्युतीय सेवा लगायत) को निर्माण व्यवस्थापन गरी सेवा प्रवाहलाई सहज तथा

प्रभावकारी बनाइनेछ । सवै वडामा खोप केन्द्रहरूको निर्माण गरी महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई दिईदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

- **युवा तथा खेलकुद**

क. खेलकुद पूर्वाधार विकासका लागि समेत वजेट व्यवस्था गरी खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउँदै लैजान खेलकुद प्रशिक्षण कार्यक्रम र खेल मैदान समेतको आवश्यकतानुसार स्तरोन्नती गर्दै लगिनेछ । युवा रूप कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत युवा रोजगारी सिर्जना गरिनेछ । युवा वर्गको सोचमा परिर्वतन ल्याई खेलकुद विकास सम्बन्धी प्रशिक्षण दिई युवाहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

ख. प्रविधिको कुलतमा रमाएका युवालाई स्वस्थ राख्न, सामाजिक एकता कायम गर्न तथा गाउँपालिकाको गौरवलाई कायम गर्न खेलकुदलाई प्राथमिकता प्रदान गरिनेछ । यसका लागि गाउँ पालिका स्तरिय खेलकुद विकास समिति गठन गरी खेलकुदका कार्यक्रमलाई व्यवस्थित गर्दै अझ प्रभावकारी रुपमा संचालन गरिनेछ । एन्फा, जिल्ला भलिबल संघ तथा जिल्ला व्याडमिन्टन संघ जस्ता अन्य खेलकुदका समितिहरुको साझेदारीमा खेलाडीको छनौट, प्रशिक्षण तथा गाउँपालिका स्तरीय टिम निर्माण गरी खेलकुद आयोजना गरिनेछ ।

ग. निरोगिता, अनुशासन एवं मर्यादा विकासको आधार खेलकुद भएका कारण खेलकुदको विकास र प्रवर्द्धनका लागि विद्यालयस्तर देखि नै मजवुत बनाउँदै लगिने नीति अवलम्वन गरिनेछ ।

घ. वडास्तरीय तथा स्थानीय तहस्तरीय छथर जोरपाटी कप प्रतियोगिता, पूर्वाधार निर्माण, विधागत खेलकुद प्रतियोगिता, विधागत प्रशिक्षण तथा सामाग्री वितरणका कार्यक्रम आयोजना गरी खेलकुद विकासका लागि विशेष पहल गरिनेछ । विद्यालयस्तरको खेलकुदलाई अतिरिक्त क्रियाकलापसँग एकीकृत गरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मार्फत सवै विद्यालयहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी मूल्याङ्कन प्रणलीको विकास गरिनेछ ।

ङ. गाउँपालिकाको वार्षिक स्थापना दिवसको अवसरमा वडास्तरीय **"अध्यक्ष कप भलिबल प्रतियोगिता"**,**"छथर कप पालिका स्तरीय फुटबल प्रतियोगिता"**,**"उपाध्यक्ष सँग खुल्ला महिला फुटबल प्रतियोगिता"** संचालन गरिनेछ ।

च. यस आ.व मा खेलकुद ग्राम अन्तर्गत फुटशल निर्माण कार्य सम्पन्न भैईसकेको साथै पालिका भित्र कवर्डहल समेत निर्माण सम्पन्न भएकोले सो को स्तरउन्नतीको लागि सम्वधित निकायहरुसँग पहल गरिने नीति लिइनेछ । यस पालिकामा व्यवसायिक खेलकुदलाई प्रोत्साहन गर्नको लागि पालिका स्तरिय खेल प्रशिक्षकको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

छ. हरिराज खेवा स्मृतीमा हरिराज खेवा कप फुटबल प्रतियोगिता सञ्चालन गरिने छ ।

- **लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

क. गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने नीति तथा कार्यक्रम तयार गरिनेछ । बालबालिका तथा किशोर-किशोरीहरुको हक अधिकार संरक्षण गर्दै भावी दिनमा उनीहरुलाई सक्षम एवं जिम्मेवार नागरिक बन्ने वातावरण तयार पार्नका लागि बालबालिकाको शीर्षकमा विनियोजित बजेटलाई अधिकतम उपयोग गरिनेछ ।

ख. बालबालिका तथा किशोर-किशोरीहरु उपर हुने घरेलु तथा बाह्य हिंसा, भेदभाव, शोषण तथा दुर्व्यवहार अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई 'बालश्रम निषेधित क्षेत्र' घोषणा गर्ने कार्यक्रम अघि सारिनेछ । विपन्नताका कारण विद्यालय छाड्न बाध्य भएका बालबालिका तथा किशोर-किशोरीहरुका लागि विषयगत इकाइसँग छलफल गरी पुनः भर्नाको

वातावरण सिर्जना गर्ने कार्यक्रम तय गरिनेछ । पालिका भित्रका अभिभावक विहीन/ बेसाहारा बालबालिकाहरुको उचित संरक्षण तथा सम्वर्द्धन गरी खाना, नाना र शिक्षाको पहुँच सुनिश्चितताको लागि विशेष कोष खडा गरिने नीति अवलम्बन गरिनेछ।

ग. महिला उपर हुने घरेलु हिंसा र कतिपय स्थानमा हुने पुरुष हिंसा जस्ता लैंगिक हिंसाहरु न्यूनीकरण गर्दै छुवाछुत तथा जातीय भेदभावमुक्त समाज निर्माणका लागि यस्ता कार्यहरुलाई पूर्णरुपमा दण्डनीय कार्य मानी कानूनी कारवाहीका लागि प्रोत्साहन गरिनेछ।

घ. एकल महिलाहरुको सीप र क्षमतालाई प्रयोग गरी आय आर्जनमा वृद्धि गर्न प्रत्येक वडामा स्थापना भएको **"एकल महिला बिउ पूजीँ कोष"** लाई निरन्तरता दिईनेछ । गाउँपालिकाले सञ्चालन गर्ने सम्पूर्ण सीप तथा व्यवसायिक तालिममा कम्तिमा २ प्रतिशत लक्षित वर्गको अनिवार्य सहभागिता सुनिश्चित हुने नीति ल्याईने छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहिकरण गर्न यस क्षेत्रका लागि आवश्यक कार्यक्रम तथा नीति तय गरिने छ ।

ङ. महिला शिक्षा, महिला सशक्तिकरण, वित्तीय साक्षरता, महिला उद्यमशीलता कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । किशोर किशोरीमा बढ्दो रुपमा देखापरेको मनोगत समस्या न्यूनीकरण गर्न मनोविमर्शकर्ताबाट सम्भाव्य उपचार गराउने व्यवस्था मिलाइनेछ । बालविवाह निरूत्साहित गर्ने नीति अवलम्बन गरिनेछ साथै हिंसामा परेका महिलाहरूको कानुनी उपचारका लागि "लैङ्गिक हिंसा निवारण कोष" मार्फत राहत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

च. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्दै उनिहरू सहितको समावेशी समाज निर्माणका लागि स्थानीय तहको नेतृत्व तथा प्रदेश सरकार लागत साझेदारीमा सञ्चालित अपाङ्ता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र रहेका बहिरा व्यक्तिहरूको सञ्चारको अधिकारलाई सुनिश्चित गर्न सांकेतिक भाषामा भाषाको दोभाषे उत्पादन तथा व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

छ. मातृ शिशु स्वास्थ्य प्रवर्द्धन तथा जन्मजात विकसित हुन सक्ने अपाङ्ता न्यूनिकरणका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत सन्तानको योजना बनाएका दम्पतिहरूलाई निःशुल्क रूपमा फोलिक एसिड चक्की - वितरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका भित्र जन्मने हरेक नवजात शिशुको जन्मदोष पहिचान गरी पहिचान भएकाको तत्काल उपचार सहजिकरणको कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

ज. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका नागरिकहरुको पहिचान तथा परिचय-पत्र प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस प्रकारको अपाङ्गता भएका व्यक्तिहरुलाई सीप तालिम, आय-आर्जन, क्षमता विकासका कार्यक्रममा सहभागी गराई सपाङ्ग सरहको जीवनयापन गर्न सक्ने बनाउने प्रयत्न गरिनेछ । प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रम मार्फत जन्मजात अपाङ्गता हुनबाट बचाउने र विभिन्न कारणबाट अपाङ्ग भएकालाई समाजमा पुनरर्स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । पालिकाका सवै सरकारी भवनहरू अपाङ्गमैत्री बनाइने छ । अशक्त, असहाय, बेसहारा ज्येष्ठ नागरिकको प्राथमिकता साथ संरक्षण गरिनेछ । ७० वर्षदेखि माथिका ज्येष्ठ नागरिकहरुको अन्तर-पुस्ता ज्ञान, अनुभव, सीप हस्तान्तरण र जेष्ठ नागरिक प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

झ. अति विपन्न परिवारको पहिचान गरी न्यूनतम आवश्यकताको परिपुर्ति गर्न "अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यविधि" निर्माण गरी उनीहरूको जीवन रक्षाको सुनिश्चितता गर्न " छथरजोरपाटी अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यक्रम" सञ्चालन गर्ने नीती लिइनेछ ।

ञ. विपन्न लक्षित वर्गका निम्ति विनियोजन हुने रकमलाई समेत सीप विकाससँग एकीकृत गरी सवै वर्ग, समुदायका विशेष रुपले पछाडि परेका तथा पारिएका महिला तथा यूवाहरूको सामाजिक, आर्थिक

र राजनैतिक, सांस्कृतिक क्षमता र सीप विकासमा आधारित “छथर जोरपाटी लक्षित वर्ग तथा समुदाय क्षमता तथा सीप विकास कार्यक्रम” सञ्चालन गरिनेछ यसका लागि आवश्यक तालिम केन्द्र र स्वरोजगार बैंक समेत स्थापना गरी सोही तालिमकेन्द्र मार्फत सीप विकासका सवै कार्यक्रम र स्वरोजगार बैंक मार्फत स्वरोजगारी सिर्जना गरिनेछ ।

ट. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती आदिबासी लगायतका सवै लक्षित वर्ग र समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास, संरक्षण र प्रवर्द्धनमा आधारित कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गरी सामाजिक समानताको दिगो आधार सहितको गाउँपालिका निर्माणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।

○ **<u>खानेपानी तथा सरसफाई</u>**

क. स्वच्छ सुरक्षित पिउने पानी उपलब्ध हुनुपर्ने गाउँपालिकाबासीको आधारभूत आवश्यकताको परिपूर्ति गरिनेछ साथै पिउने पानीको गुणस्तर परीक्षणका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ । खानेपानी तथा सरसफाई सम्बन्धी सेवा भरपर्दो, गुणस्तरीय, सर्वसुलभ बनाउन अभियानका रुपमा खानेपानी तथा सरसफाइ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख. छथर जोरपाटी वृहत खानेपानी आयोजना, तमोर नदीको पानी लिफ्टिङ गरी खानेपानी व्यवस्थापन गर्न आयोजना सञ्चालनको लागि सम्बन्धित निकायसँग साझेदारी गरिने नीति लिइनेछ । पालिकाको सबै वडामा एक घर एक धारा" नीति अघि बढाइनेछ ।

ग. गाउँपालिकाका घना बस्ती भएको साथै भविष्यमा यस प्रकारको अवस्था आउने सम्भावना रहेका मुख्य बजार केन्द्रहरूमा खानेपानी पाईपलाईनको व्यवस्थापन गरी सुरक्षित खानेपानीको वितरण र उपभोगको सुनिश्चितता गरिनेछ साथै यसका लागि प्रदेश तथा संघीय सरकारसँग समेत बजेट माग गर्ने व्यवस्था मिलाईनेछ ।

घ. सार्वजनिक स्थलहरूमा खानेपानी पूर्वाधारको निर्माण गरी स्वस्थ, स्वच्छ र सुरक्षित पानीको सुनिश्चितता गरिनेछ । खानेपानीको सुविधाबाट बञ्चित जनसंख्यासम्म खानेपानी पुगेको सुनिश्चित गर्ने रणनीतिको विकास गर्ने, तथा खानेपानी वितरण प्रणालीको उपयोगिता, वितरण क्षेत्र, दिगोपन र विश्वसनीयतालाई सुदृढिकरण गर्ने नीति लिइकोछ ।

ङ. जलस्रोत तथा जलाधार संरक्षणका लागि कार्यक्रम कार्यान्वयन गरिनेछ । खानेपानीको पाईप खरिद तथा वितरण, ग्याभिन तार जाली वितरण कार्यलाई क्रमश निरुत्साहन गर्दै वृक्षारोपण, जलाधार संरक्षण कार्यक्रम गरिनेछ। सिचाईलाई दिगो बनाउन परम्परागत रुपमा रहेका कुवा, पोखरी, कुलोहरुको संरक्षण गरिनेछ ।

- **भाषा र संस्कृति**

क. **"भाषा सांस्कृति र कलालाई जोगाऊ र आफ्नो पहिचान स्थापित गरौं"** भन्ने नारालाई आत्मा साथ गर्दै आदिवासी, जनजाती तथा लोपोन्मुख जातिको भाषा, चाडपर्व, संस्कार, कला, इतिहास, साहित्य र विज्ञानको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ । आदिवासी, जनजातीको संस्कृति झल्कने बहुसांस्कृतिक प्रतिक पार्क निर्माण गरी सांस्कृतिक सङग्रहालय निर्माण गर्न प्रदेश सरकार र संघिय सरकारसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिने नीति अवलम्वन गरिनेछ ।

ख. स्थानीय सबै जातजातीको सांस्कृतिक समूह गठन गरी कला, भाषा तथा साहित्य, सांस्कृतिक सामाग्रीको जगेर्ना, लिम्बु भाषा र मगर भाषाको प्रशिक्षण, विकास र प्रवर्द्धनको आवश्यक व्यवस्था मिलाइनेछ । यस पालिकामा रहेको विभिन्न पुरातात्विक वस्तु तथा सम्पदा, धार्मिक तथा साँस्कृतिक धरोहरका सम्पदाहरुको संरक्षण गरिनेछ ।

ग. यस गाउँपालिका भित्र वसोवास गर्ने सबै जातीको भाषा र सांस्कृतिलाई जगेर्ना गर्दै व्यवसायको माध्यम बनाई पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न होमस्टे सञ्चालन गरिनेछ । साथै सवै जातीका लोपन्मुख बाजा संरक्षण तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

## ३. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण

**"मानवीय हिसावले जुटौं विपद् लाई कम गरौं"** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि स्थापित **"प्रकोप व्यवस्थापन कोष"** लाई थप व्यवस्थित गरिनेछ ।

- गाउँपालिकास्तरीय तथा वडा स्तरीय गठित विपद् व्यवस्थापन समितिलाई विपद् क्षेत्रमा आवश्यक सहयोगको लागि परिचालन गरिनेछ ।
- भविष्यमा पर्न जाने विपद् व्यवस्थापनका लागि यसै आ.व. भित्र हरेक वडाहरुमा निश्चित भू-भागहरुलाई खुल्ला मैदानका रुपमा तोकी सो मैदानको उचित संरक्षण गर्दै लगिनेछ ।
- समय समयमा उत्पन्न हुने महामारीको अवस्थालाई सामना गर्न स्वास्थ्यकर्मी सहितको गाउँपालिका स्तरीय (र्‍यापिड रेस्पोन्स टिम) लाई सशक्त रुपमा परिचालन गरिनेछ ।
- विपद्का रुपमा रहेको जङ्गली जनावरको आतङ्क नियन्त्रण रोकथामका लागि प्रयत्न गरिनेछ ।
- विपद जोखीम न्युनिकरण तथा जलवायु परिवर्तन अनुकुल हुने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## ४. संस्थागत विकास

- **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

क. गाउँपालिकाका सबै सुचना तथा तथ्याङ्कहरुलाई गाउँपालिकाको वेभसाईटमा डिजिटल अभिलेखीकरण गरिनेछ । गाउँपालिकाका गतिविधिहरुको जानकारी सबै गाउँवासीहरु समक्ष पुर्याउन सूचना प्रवाहको आधुनिक प्रविधिहरुको प्रयोग गरी सूचना तथ्याङ्क व्यवस्थापनमा सुधार गर्दै लगिनेछ । गाउँपालिकाका सबै सूचना, आम्दानी र खर्चको विवरण वेभसाइट र सामाजिक सञ्जालका माध्यमबाट सार्वजनिक गरिनेछ ।

ख. छथर जोरपाटीको पहिचान झल्काउनको लागि पालिका गान र लोगो निर्माणको लागि आवश्यक कदम चालिनेछ ।

ग. गुणस्तरीय सेवा प्रवाह, सेवामा सन्तुष्टि र प्रभावकारी सञ्चार सम्वन्ध स्थापित गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, प्रेस मिट र गुनासो व्यवस्थापनलाई व्यवस्थित बनाईनेछ ।

घ. गाउँपालिकाको विकासको सूचना प्रवाहमा सहयोग पुर्याउने, वस्तुनिष्ठ सूचना प्रवाहका माध्यमबाट गाउँपालिका र गाउँवासीको सम्वन्ध स्थापित गराउने राज्यको चौँथोँ अङ्गका रुपमा रहेको पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्ने नीति लिइनेछ ।

ङ. विनियोजन कुशलता, कार्यान्वयनयोग्यता र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिने साथै काम सम्पन भएपछि वडा तथा पालिका स्तरीय अनुगमन समितिको प्रतिवेदनको आधारमा भुक्तानी प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

च. करको दायरामा नआएका व्यवसायी, उद्यमीहरुलाई करको दायरामा ल्याउन वडास्तरमा घुम्ती सेवा सञ्चालन गरिनेछ ।

छ. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभाबकारी बनाउन स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि बमोजिम क्षमता विकास योजना निर्माण, लैङ्गिक उत्तरदायी बजेट परीक्षण, मध्यमकालीन खर्च संरचना, वार्षिक खरिद योजना, विपद जोखिम क्षेत्रको नक्साङ्कन लगायतको व्यवस्थालाई कार्यान्वयन गर्दै लगिनेछ ।

ज. योजनावद्ध विकासका माध्यमबाट गाउँपालिकाको बहुआयामिक समृद्धि र विकास हासिल गर्न आवधिक योजना निर्माण गरिनेछ । योजना, मध्यकालीन खर्च संरचना र विकास योजना निर्माण गर्दा दिगो विकासका लक्ष्यको स्थानीयकरण हुने गरी नीति अवलम्वन गरिनेछ । दिगो विकासका लक्ष्य पुरा गर्न नेपाल सरकार एवं प्रदेश सरकारले अंगिकार गरेको नीतिहरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ ।

झ. गाउँपालिका र वडा कार्यालयहरुबाट सार्वजनिक सेवा प्रवाह गर्दा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, असक्त व्यक्तिहरु, बालबालिका, महिलाहरु र विद्यालयहरुलाई प्राथमिकता दिईनेछ । गाउँपालिकाको कार्यालयमा स्तनपान कक्ष निर्माण गरी समावेशी कार्यालय निर्माणका लागि पहल गरिनेछ ।

ञ. स्थानीय जनताको घरदैलो नजिकको र प्रत्यक्ष अनुभुत गर्ने स्थानीय सरकार हो । स्थानीय सरकारको प्रभावकारिता सम्वन्धमा वडा तथा टोल स्तरसम्म योजना कार्यान्वयन, सेवा सुविधाको स्तर, शैली र स्थिति लगायतका जनचासोका विषयहरुमा बुझ्न नियमित रुपमा नियमन, अनुगमन तथा मुल्यांकन व्यवस्था मिलाइने छ ।

ट. लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ । लेखा शाखाबाट गरिनुपर्ने भुक्तानीलाई EFT माध्यमबाट भुक्तानी गर्न कार्य सम्पन्न प्रतिवेदनका साथ भुक्तानीका लागि प्राप्त हुन आएका योजना तथा कार्यक्रमसँग सम्बन्धित फायलहरूलाई भुक्तानी हुने दिन र समयको सुनिश्चितता गरिनेछ । लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने साथै बेरुजुको अवस्था सिर्जना हुन नदिने अवस्था सिर्जना गरिनेछ ।

ठ. गाउँपालिकाबाट हुने सबै खाले खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन पालिकाको आन्तरिक नियन्त्रण प्रणाली, खरिद नियमावली तयार गरी कार्यन्वयनमा ल्याइनुका साथै जिन्सी व्यवस्थापनका लागि खरिद गुरुयोजना तयार गर्ने र वार्षिक रुपमा खरिद योजना तयार गरी सोही आधारमा खरिद इकाई मार्फत खरिद कार्य अगाडि बढाइनेछ र कार्य सम्पादनको कामलाई कम्प्यूटर प्रणालीमा आधारित बनाई सुव्यवस्थित गरिनेछ ।

ड. सांगठनिक संरचनालाई सेवा प्रवाहको प्रभावकारितामा आधारित हुने गरी निर्माण गरिनेछ । सबै वडा समितिको कार्यालय तथा कार्यपालिका हाताभित्र नागरिक–वडापत्र मार्फत गाउँपालिकाबासीलाई आधारभूत र अनिवार्य जानकारीका विषय वस्तुको बारेमा जानकारी गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै गाउँपालिका र वडाको नागरिक–वडापत्र पालिकाको वेव साइडमा राखिने छ ।

ढ. गाउँपालिका भित्र कार्य गर्न चाहने गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरुले आफ्नो कार्यक्रम र बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यवस्था मिलाईनेछ ।

ण. आगामी आर्थिक वर्ष २०८१/०८२ भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको संगठन सर्भेक्षण र संगठन संरचना (O & M) निर्माण सम्पन्न भएको छ । सोही संचरना अनुसार कर्मचारीहरुको चुस्त दुरुस्त व्यवस्थापन गरी पालिकाको चालु तर्फको व्यवभारलाई कम गरी पुँजीगत तर्फ रुपान्तरण गरी विकास निर्माणको कार्यमा लगाईनेछ ।

त. गाउँपालिकाबाट प्रवाह हुने सबै खाले सेवालाई थप प्रभावकारी बनाउन कार्य प्रवाह तालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । सबै खाले भ्रष्टाचार प्रति शून्य सहनसिलता अपनाइनेछ । ऐन कानूनको परिधि भित्र रहेर आवश्यक जनशक्तिको व्यवस्थापन तथा उपलब्ध जनशक्तिको क्षमता विकासका लागि तालिम तथा अध्ययन भ्रमण समेतको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाइनेछ ।

थ. सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि नेपालको संविधानले गरेको व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहमा रहने न्यायिक समितिलाई दिएको अधिकारलाई प्रयोग गर्दै स्थानीय समुदायलाई हिंसा रहित समाजको निर्माण गर्दै लगिनेछ ।

द. न्यायको पहूँच अभिवृद्धि गर्न न्याय सम्पादन कार्यलाई छिटो छरितो, निश्पक्ष मितव्ययी, प्रभावकारी र उत्तरदायी वनाइने छ । न्यायमा पहुँच विस्तारका लागि संचलानमा रहेका मेलमिलाप केन्द्रहरुको क्षमता अभिबृद्धी गर्न मेलमिलापकर्ताहरुका लागि आवश्यक अभिमुखिकरण तथा पुनर्ताजगी तालिम र नयाँ मेलमिलापकर्ताहरुलाई आधारभूत तालिम प्रदान गरी न्याय सम्पादन गरिनेछ ।

ध. गाउँ टोल बस्तीस्तरका न्यायमा पहुँच राख्न नसक्ने विपन्न वर्ग समेतको न्यायिक पहुँचका लागि सबै वडाहरुमा समेत लिखित उजूरी लिने व्यवस्थालाई निरन्तरता दिइनेछ । आपसी झै-झगडालाई न्यूनीकरण गरी सद्भावयुक्त समाज निर्माण गर्न पालिकास्तरीय र वडास्तरमा रहेको मेलमिलाप तथा मध्यस्थता सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

ऩ. मेलमिलापकर्ता र न्यायिक समितिको सम्पर्क र समन्वय विस्तार गर्दै लगिने छ । न्यायिक समिति मार्फत हुने काम प्रभावकारी बनाउनका लागि मेलमिलापकर्ता र समितिका सदस्यहरुलाई न्युनतम पुर्पक्ष र कार्यविधी एवं अधिकारको अनुशिक्षण तालिम एंव क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

फ. न्यायिक समितिले विवादको सुनुवाईको क्रममा आवश्यकता अनुसार विज्ञ तथा कानूनी परामर्शदाताको सहयोग लिई न्याय सम्पादनलाई प्रभावकारी बनाईनेछ । सामाजिक न्याय र सुशासन कायम गर्न सामाजिक अपराधहरु, दुर्व्यसन तथा कुसंस्कारहरु न्यूनीकरण गर्न सामाजिक स्तरमा कार्यक्रम सञ्चालन गरिनेछ ।

ब. आफ्नो आम नागरिकले आफ्नो पहिचान एवं आत्मसम्मानयुक्त वातावरणमा निर्धक्क बाँच्न पाउनु, पेशा तथा व्यवसाय भयरहीत वातावरणमा सञ्चालन गर्न पाउनु, सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी, मर्यादित र समतामूलक समाजको विकास गर्न पाउनु मानव मात्रको नैसर्गिक अधिकारहरु हुन् । यसैगरी शान्ति सुरक्षा तथा अमन चयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै प्रभावकारी सुरक्षा प्रवन्ध गर्नु सुशासन तथा विकासको पूर्वशर्त नै हुन् । गाउँपालिका भित्रका यी अवस्था तथा व्यवस्थालाई सुव्यवस्थित गर्दै आम नागरिकको मानव अधिकार तथा शान्ति सुरक्षा प्रत्याभूत गर्ने कार्यमा सहयोग पुऱ्याउन काजीमान र पञ्चमी बजारमा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ । यस क्षेत्रमा सशस्त्र प्रहरी बल स्थापनाका लागि सम्बन्धित निकाय मार्फत पहल गरिनेछ । सिंधुवा बजारको प्रहरी चौकीलाई इलाका प्रहरी चौकीमा स्तरोन्नती गर्न प्रयत्न गरिनेछ ।

भ. गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजका अगुवा, सामाजिक संघ संस्था र सेवाग्राही सर्वसाधारण नागरिकका लागि छुट्टाछुट्टै आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

म. नेपालको संविधान २०७२, अनुसार हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सहकारीतामुलक संघियता अनुरूप मुलुकभर ७५३ स्थानीय तह रहेको सर्वविदितै छ । संघ, प्रदेश र सरकारी तथा गैरसरकारी संघ संस्थासँगको स्रोत र साधन परिचाल तथा उपभोगमा साझेदारी गरी धनकुटा जिल्ला भित्रका ७ स्थानीय तह मध्ये यस पालिकालाई अब्बल बनाउन नीति, रणनीति, कार्यनीति र कार्यक्रम ल्याउने नीति ल्याउन पालिकको लागि अति आवश्यक स्थानीय कानूनको निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याईनेछ ।

**५. अन्य**

क. साविकका करका दरहरु यथावत रहनेछन् ।

ख. अधुरो विकास निर्माणलाई सम्पन्न गर्न ठूलो रकम दायित्वको रुपमा रहेकाले त्यस्तो आयोजना सम्पन्न गरी शुन्य दायित्व कायम राख्ने प्रयत्न गरिनेछ ।

ग. कार्य सञ्चालन गर्ने क्रममा आवश्यक पर्ने विभिन्न नीति तथा कानून, कार्यविधिहरु निर्माण गरिनेछ ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरू,**

आर्थिक वर्ष २०८२/२०८३ को प्रस्तावित नीति तथा कार्यक्रम छथर जोरपाटी गाउँपालिकाको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संविधान र संघीयताको कार्यान्वयन तथा स्थानीयीकरण, गाउँपालिकाबासीहरुको सामाजिक आर्थिक रुपान्तरण, गुणस्तरीय र प्रभावकारी सार्वजनिक सेवा प्रवाह, जनताको माग र आकांक्षाको प्रभावकारी संवोधन भई गाउँपालिकाबासीहरुमा गाउँपालिका प्रतिको अपनत्ववोध र विश्वास अभिवृद्धि हुने अपेक्षा गरेको छु । साथै गाउँपालिकाको बहुआयामिक विकास र गाउँपालिकाबासीहरुको जीवनस्तरमा उल्लेखनीय रुपान्तरण ल्याउँदै स्वच्छ, समृद्ध, सभ्य र न्यायपूर्ण गाउँपालिका निर्माणको लागि यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा सरोकारवाला सबैको सकृय सहभागिता र सहयोगको विश्वास व्यक्त गर्दछु ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरू,**

स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित भई ३ वर्षको सेवा अवधि समाप्त भएको छ। सुविधा र पहूँचको हिसाबले कठिन, छरिएर रहेका जोखिमयुक्त बस्ती, पूर्वाधार संरचनाको विस्तार, सामाजिक र आर्थिक विकासका सूचकहरुमा सुधार गाउँपालिकाबासीका चुनौती हुन। यि चुनौतीहरुको सामना गर्न उपलब्ध सिमित स्रोत र असिमित आवश्यकताहरुका बीचमा हामी छौँ। यि चुनौतीको संबोधन गर्न प्राप्त स्रोत र साधनको सन्तुलित वितरण गर्न आवश्यक रहेको छ। यि चुनौतीहरुका बाबजुद पनि गाउँपालिकाको विकासका प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सिमित स्रोत र साधनहरुलाई यो छोटो समयमा सन्तुलित र न्यायिक वितरणको नीति लिएको छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनु हुने सबै गाउँवासी , वडासमिति, गाउँमा क्रियाशिल राजनितिक दलहरु, विषयगत क्षेत्रहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार संस्थाहरु, नागरिक समाज, सरोकारवाला पक्षहरु, उद्यमी व्यवसायी, बुद्धिजीवि, पत्रकार, राष्ट्रसेवकहरु सबै प्रति आभार व्यक्त गर्न चाहान्छु। माथि उल्लिखित नीति तथा कार्यक्रमको अधीनमा रही बजेट तथा कार्यक्रम निर्माण हुने हुदाँ गाउँको आधारभूत आवश्यकता र सामाजिक न्यायपूर्ण बजेट तर्जुमा हुने कुरामा विस्वस्त रहेको छु।

अन्त्यमा, छथर जोरपाटी गाउँपालिकाले यस सभा समक्ष प्रस्तुत गरेका नीति तथा कार्यक्रममा दफावार छलफल गरी स्वीकृत गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु .

**धन्यवाद्।**

मितिः २०८२।०३।०९